हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्ड:५ | संख्याः २१ | प्रमाणिकरण मितिः २०७९/१२/१२

भाग १

जीतपुरसिमरा उपमहानगरपालिका

## भाषा, कला तथा संस्कृति सम्बन्धी ऐन, २०७९

प्रस्तावनाः

जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय भाषा, संस्कृति, कला र साहित्य संरक्षण र सम्वर्द्धन तथा तिनको सर्वाङ्गीण विकास गर्न र भाषा, कला, साहित्य र संस्कृति सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्न गराउन तथा भाषा, संस्कृति र कलाको माध्यमबाट नगरपालिकाको ऐतिहासिक महत्व पुरातात्विक वास्तुकला वा संस्कृतिको संरक्षण साथै परम्परागत जात्रा पर्वहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरि जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभाद्वारा भाषा, कला तथा संस्कृति सम्बन्धी ऐन, २०७९ बनाई जारी गरिएको छ ।

परिच्छेद एक

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

(१) यस ऐनको नाम "भाषा, कला तथा संस्कृति सम्बन्धी ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(क) "अध्यक्ष" भन्नाले प्रतिष्ठानको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले प्रतिष्ठानको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका सम्झनुपर्छ ।

(ङ) "पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव र परिषद्का मनोनीत सदस्य सम्झनुपर्छ ।

(च) "सचिव" भन्नाले प्रतिष्ठानको सचिव सम्झनुपर्छ ।

(छ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको संस्कृति प्रतिष्ठान सम्झनुपर्छ ।

## परिच्छेद दुई

## प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

**३. प्रतिष्ठानको स्थापनाः**

(१) नगरक्षेत्रका सबै भाषा, साहित्य, कला, संस्कृति, धर्म तथा दर्शनको संरक्षण, सम्वर्द्धन र विकास गर्ने कामका लागि एक संस्कृति प्रतिष्ठान स्थापना गर्न सक्नेछ ।

(२) प्रतिष्ठानको कार्यालय नगरपालिका भित्र रहनेछ ।

(३) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक अधिकार सम्पन्न संस्था हुनेछ ।

(४) प्रतिष्ठान नगर कार्यपालिकाको प्रत्यक्ष निगरानीमा रहनेछ ।

**४. प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः**

(१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) प्रतिष्ठान (योजना, विकास तथा भाषा, कला र संस्कृति) को नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) नगरको योजना, विकास तथा भाषा, साहित्य र कला संस्कृतिको अध्ययन अनुसन्धान, संरक्षण,संवर्द्धन र विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) नगरमा भएका योजना, विकास एवम् भाषा, कला र संस्कृतिसम्बद्ध संस्थाहरूको अनुगमन र मूल्याङ्कन गर्ने नियामक निकायको भूमिका निर्वाह गर्ने,

(घ) संघ, प्रदेश सरकार र अन्य स्थानीय निकाय एवम् नेपाल प्रज्ञा प्रतिष्ठान, नाट्य कला प्रतिष्ठान, ललितकला लगायत सरोकारवाला संस्थाहरूसंग समन्वय र सहकार्य गर्ने,

(२) प्रतिष्ठानको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद तीन

## प्रतिष्ठानको संगठनात्मक संरचना

**५. प्रतिष्ठानको संरचनाः**

(१) नगरपालिकाभित्र एक संस्कृति प्रतिष्ठान रहनेछ जसमा देहायबमोजिमका पदाधिकारीहरु रहनेछनः

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप-प्रमुख - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) कार्यपालिका सदस्यहरुबाट १ जना महिला सहित ३ जना (नगर प्रमुखले मनोनित गर्ने) - सदस्य

(ङ) नगरसभा सदस्यबाट १ जना दलित महिला सहित २ जना महिला सदस्य (नगर उप-प्रमुखले मनोनित गर्ने) - सदस्य

(च) भाषा,कला,साहित्य तथा संस्कृतिक क्षेत्रमा योगदान पुर्याएका फरक-फरक बिधाका १ जना महिला सहित ५ जना (नगर प्रमुखले मनोनित गर्ने) - सदस्य

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(छ) भाषा,कला,साहित्य तथा संस्कृतिक क्षेत्रमा योगदान पुर्याएका अपाङ्गता समूहको १ जना (नगर उप-प्रमुखले मनोनित गर्ने) - सदस्य

(छ) नगरपालिकाको सम्बन्धित महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा १ बमोजिमको समितिले आवश्यकता अनुसार विषय विज्ञ तथा सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) प्रतिष्ठानको संरचना देहायबमोजिम रहन सक्नेछ र यिनीहरूको सामूहिक रूप नै संस्कृति प्रतिष्ठानको स्वरूप हुनेछः-

(क) संस्कृति सभा

(ख) संस्कृति परिषद्,

(ग) विषयगत विभाग,

(घ) बिज्ञ सुची (साहित्य एक, संस्कृति एक, साहित्य संस्कृति योजना एक)

(ङ) संरक्षक

(४) प्रतिष्ठान संरचनाको गठन, बैठक एवं काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**६. प्रतिष्ठानको विभागः**

(१) आवश्यकताको आधारमा प्रतिष्ठानको देहायबमोजिमका विभागहरू रहन सक्नेछन्:

(क) मानव संसाधन तथा संस्थागत विकास विभाग,

(ख) अनुसन्धान तथा अभिलेख विभाग

(ग) साहित्य विभाग

(घ) संस्कृति विभाग

(२) विभागको जिम्मेवारी तोकिएबमोजिम हुनेछ ।

**७. अध्यक्षः**

(१) अध्यक्ष प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ ।

(२) अध्यक्षको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**८. उपाध्यक्षः** उपाध्यक्षको काम,कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

(१) अध्यक्षको अनुपस्थितिमा प्रतिष्ठानको अध्यक्षता गर्ने ।

(२) अध्यक्षले तोकिएबमोजिमको कार्य गर्ने ।

(२) तोकिए बमोजिम अन्य कार्य समेत हुनेछ ।

**९. सदस्य सचिवः** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) प्रतिष्ठानका प्रशासनिक कागजातहरू तयार गर्ने तथा सुरक्षित साथ राख्ने व्यवस्था गर्ने,

(ख) प्रतिष्ठान सभा तथा परिषद बैठक अध्यक्षको निर्देशनमा आह्वान गर्ने,

(ख) प्रतिष्ठान सभा तथा परिषद बैठकका निर्णयहरू प्रमाणित गर्ने,

(ग) तोकिएका अन्य कामहरू गर्ने ।

## परिच्छेद चार

## कर्मचारी व्यवस्थापन तथा सेवा सर्त र सुविधा

**१०. कर्मचारीसम्बन्धी व्यवस्थाः**

(१) प्रतिष्ठानका लागि आवश्यक पर्ने कर्मचारीहरू प्रतिष्ठान वा नगरपालिकाको श्रोतबाट खर्च व्यहोर्ने गरी नगरपालिकाले तोकिएबमोजिम नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिष्ठानका कर्मचारीहरूको नियुक्ति नभएसम्मको लागि नगरपालिकाको कुनै कर्मचारीलाई नगरपालिकाले खटाउन सक्नेछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(३) कर्मचारी व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(४) कर्मचारीको सेवासुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद पाँच
## कोष तथा लेखापरीक्षण

**११. प्रतिष्ठानको कोषः**

(१) प्रतिष्ठानको आफ्नो छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:

(क) नगरपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) प्रवेश शुल्क, भाडा तथा कक्ष शुल्कबाट उठेको रकम,

(घ) अध्ययन, अनुसन्धान र कार्यक्रम सञ्चालनबाट आर्जित रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(३) उपदफा (२) को खण्ड (क) बमोजिम नगरपालिकाले समितिलाई पाँच वर्षसम्म रकम उपलब्ध गराउनेछ र त्यसरी रकम उपलब्ध गराउँदा पहिलो वर्ष उपलब्ध गराएको रकममा प्रति वर्ष बीस प्रतिशतका दरले घटाउँदै जानेछ ।

(४) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि प्रतिष्ठानले नगरपालिका र आवश्यक्ता अनुसार नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिनुपर्नेछ ।

(५) कोषको रकम प्रतिष्ठानले तोकेको बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिएबमोजिम हुनेछ

(७) प्रतिष्ठानको सबै खर्च उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**१२. लेखा र लेखापरीक्षणः**

(१) प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानुनबमोजिम राखिनेछ

(२) प्रतिष्ठानको लेखाको लेखापरीक्षण प्रचलित कनूनबमोजिम हुनेछ ।

**१३. बार्षिक प्रतिवेदनः**

(१) प्रतिष्ठानले आफूले वर्षभरि सम्पादन गरेको कामको संक्षिप्त विवरण, समितिले गरेको आम्दानी तथा खर्च, कामकारबाही गर्दा देखिएका समस्या, लेखा परीक्षकको प्रतिवेदनमा उल्लिखित संक्षिप्त व्यहोरा तथा भविष्यमा सञ्चालन गर्ने योजना तथा कार्यक्रम समेत समावेश गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगरपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नगरपालिकाले सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद छ
## विविध

**१४. कदर, सम्मान तथा पुरस्कार प्रदान गर्नसक्नेः**

(१) नगरपालिकामा भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रको विधामा उल्लेखनीय योगदान पुर्याउने व्यक्ति लाई सभाले कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) कदर, सम्मान, पुरस्कार तथा विभूषणको वर्गीकरण र वितरण प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१५. निर्माण कार्य गर्न सक्नेः** प्रतिष्ठानले नगरपालिकासंग समन्वय गरि तपसिलका निर्माण कार्य गर्न सक्नेछः

(१) नगरपालिका क्षेत्रभित्र यँहाको मौलिकता, पुरातत्व तथा सँस्कृति झल्कने किसिमको रङ्गमञ्च, नाटक घर, नाँच घर, थिएटर, तथा सँस्कृतिक मञ्च निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम स्थल व्यवस्थापन तथा सञ्चालन नगरपालिकाले गर्नेछ ।

१६. नियम बनाउने अधिकारः

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक कार्यविधी, निर्देशिका, नियम बनाउन सक्नेछ ।

१७. खारेजी र बचाउः

यस ऐन बन्नु अघि भए गरेका भाषा, कला, संस्कृतिसम्बन्धी काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

१८. संसोधनः

यस ऐनलाई आवश्यक्ताअनुसार नगरसभाले संसोधन गर्न सक्नेछ ।

आज्ञाले,
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका